# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, मंसीर १८ गते २०५२ साल (संख्या ३३

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विश्व खाद्य संगठनले पचासौं वर्ष पूरा गरेको उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलका चाँदीका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

रु. १००।- को सिक्का

अग्रभाग :– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठभाग :– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा बायाँतर्फ नेपालीमा "नेपाल" र दायाँतर्फ अंग्रेजीमा NEPAL रही त्यसको मुनि नेपालीमा रु. १००।– रहनेछ । सिक्काको बीच भागमा विश्व खाद्य संगठनको लोगो अंकित रही त्यसको दुवैतर्फ जौको बाला र लोगोको मुनि अंग्रेजीमा RS 100 रही तलपट्टी अर्धगोलाकार रूपमा अंग्रेजीमा 50 TH ANNIVERSARY 1995 अंकित रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

265

| | |
|---|---|
| अंकित मूल्य | – रु. १००।– |
| तौल | – १२ ग्राम (± २०० मि. ग्राम) |
| व्यास | – ३३ मि. मि. |
| धातु | – चाँदी ६० प्रतिशत अन्य ४० प्र. श. (± २ प्र. श) |
| धर्सो | – भएको |
| अधिकतम थान | – ५,००० |

## सूचना २

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विश्व खाद्य संगठनले पचासौं वर्ष पूरा गरेको उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलका चाँदीका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैङ्कलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

रु. १० को सिक्का

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा बायाँतर्फ नेपालीमा "नेपाल" र दायाँतर्फ अंग्रेजीमा NEPAL रही त्यसको मुनि नेपालीमा रु. १०।– रहनेछ । सिक्काको बीच भागमा विश्व खाद्य संगठनको लोगो अंकित रही त्यसको दुवैतर्फ जौको बाला र लोगोको मुनि अंग्रेजीमा RS 10 रही तलपट्टी अर्धगोलाकार रूपमा अंग्रेजीमा 50 TH ANNIVERSARY 1995 अंकित रहनेछ ।

| | |
|---|---|
| अंकित मूल्य | – रु. १०।– |
| तौल | – ८.५ ग्राम (± ३ प्रतिशत) |
| व्यास | – २९ मि. मि. |
| धातु | – ७५ प्रतिशत तामा, २५ प्रतिशत निक्केल |
| धर्सो | – नभएको |
| अधिकतम थान | – ५,००,००० |

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
350

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सार्क सहुलियतपूर्ण व्यापार व्यवस्था (SAPTA) संझौता र अन्तर सरकारी समूहको बैठकमा हस्ताक्षर गरिएबमोजिम सार्क मुलुकबाट आपसमा आयात हुने देहायका वस्तुहरूमा हाल लागी आएको तथा लाग्ने महसुलमा ७ डिसेम्बर १९९५ देखि लागू हुने गरी देहायबमोजिम भन्सार महसुलमा आंशिक छुट दिने गरी निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | संकेत नं. | वस्तुको विवरण | लाग्ने महसुलमा छुट दिने प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|
| | | | विकासोन्मुख FOR NON LDCS | कम विकसित FOR LDCS | |
| १. | भाग ८ | ड्राई फ्रुट्स | १० प्र.श. | | |
| २. | भाग ८ | ताजा फलफूल | १० प्र.श. | | |
| ३. | ०९०४.११ | मरिच | १० प्र.श. | | |
| ४. | ०९०७.०० | ल्वाङ | १० प्र.श. | | |
| ५. | ०९०८.१० | जाइफल | १० प्र.श. | | |
| ६. | १२१३ | परालको भूसा | १० प्र.श. | | |
| ७. | १६०४.००. | तयारी सुरक्षित माछा | ७.५ प्र.श. | | |
| ८. | १७०४.१० | चुइगम चिनी कोट गरेको वा नगरेको | १० प्र.श. | | |
| ९. | २५२०.१० | जिप्सम | | १० प्र.श. | |
| १०. | २७०१ | कोइला | | १० प्र.श. | |
| ११. | ३००४ | औषधि | | १० प्र.श. | |
| १२. | ४००१ | प्राकृतिक रबर | १० प्र.श. | | |
| १३. | ४२०१, ४२०३ र ४२०५ | छालाका तयारी वस्तु | १० प्र.श. | | |
| १४. | ९४०३.१० देखि ९४०३ ६० सम्म | काठका फर्निचर | | १० प्र.श. | |

उपर्युक्त छुटमा अति सोविध्य प्राप्त मुलुकलाई प्राप्त छुट समेत समावेश हुनेछ ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

मुख्य सचिव श्री ईश्वरप्रसाद उपाध्याय अस्वस्थ हुनु भई उपचारका लागि मिति २०५२।८।६ मा बैंककतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभए-सम्मका लागि उक्त मितिदेखि नै मुख्य सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०५२।८।७ को निर्णयानुसार मन्त्रिपरिषद् सचिवालयका सचिव श्री बलरामसिंह मल्ललाई कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

352